# प्रधान सेनापति महारथी श्री राजेन्द्र क्षत्रीज्यूबाट "विजयादशमी तथा दीपावली २०७३" को उपलक्ष्यमा नेपाली सेनाका सकलदर्जालाई दिनु भएको सन्देश

१. नेपालीहरूको महान चाड **"विजयादशमी तथा दीपावली २०७३"** को पुनीत अवसरमा स्वदेश तथा विदेशमा तैनाथ रही कर्तव्यपालनामा समर्पित रहनु भएका नेपाली सेनाका सकलदर्जा, नेपाली सेना अन्तर्गत सेवारत निजामती कर्मचारीहरू, अवकाश प्राप्त सैनिकहरू एवं सम्पूर्ण परिवारजनहरूमा मेरो व्यक्तिगत तथा नेपाली सेनाको तर्फबाट सुख, शान्ति, समृद्धि र सु-स्वास्थ्य साथै उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

२. समस्त नेपालीहरूको आस्था र भरोसाको धरोहरको रूपमा रहेको नेपाली सेना राष्ट्र र राष्ट्रबासीको सर्वोपरी हितको संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन गर्न सदैव कटिबद्ध रही आएको सवैमा विदितै छ । देशमा असहज परिस्थिति सृजना भएको बखत आफ्नो व्यक्तिगत सुख, सुविधाको पर्वाह नगरी आ-आफ्नो तहबाट पुऱ्याउनु भएको योगदानको सराहना गर्दै तपाईहरू सवैमा धन्यवाद प्रकट गर्दछु, साथै भविष्यमा आइपर्न सक्ने जस्तो सुकै चुनौतीको सामना गर्नको लागि सदा झैं दायित्व बोध गरी आ-आफ्नो कर्तव्य पथमा अडिग रही रहनेमा म विश्वस्त छु ।

३. अन्त्यमा, सेनाको मर्यादा र छवि सुहाउँदो आचरण तथा सैनिक अनुशासनको पूर्णरूपमा पालना गरी सदा झैं दृढ र एकताबद्ध भई आफ्ना जिम्मेवारीहरू असरदार रूपमा बहन गर्न नेपाली सेनाका सकलदर्जालाई दुर्गा भवानीले शक्ति प्रदान गरून भनी कामना गर्दछु ।

राजेन्द्र क्षत्री
महारथी
प्रधान सेनापति

जङ्गी अड्डा ।
मिति २०७३/०६/१५ गते ।